नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम

(PLGSP)

## कार्यक्रम समन्वय इकाई

सिंहदरबार, काठमाडौं

प.सं. : ०८१/८२

च.नं. : ४४२

मिति: २०८१/११/२३

श्री स्थानीय तह, (सबै)

**विषय: सूचना प्रविधि अधिकृतको करार र पारिश्रमिक सम्बन्धमा**

उपरोक्त विषयमा यस कार्यलयबाट मिति २०८१/०८/२८ (च.नं. १३१) को 'सूचना प्रविधि अधिकृतको सेवा करार सम्बन्धमा' प्राप्त पत्रानुसार तहाँ स्थानीय तहमा कार्यरत सूचना प्रविधि अधिकृतको आधारभूत पारिश्रमिक, चाडपर्व तथा पोशाक भत्ता बापत वर्षिक प्राप्त गर्ने रकममा यस कार्यक्रमबाट विगत वर्ष देखि नै साझेदारी गरि सोधभर्ना पठाइएको व्यहोरा विदितै छ । सोही अनुसार चालु आर्थिक वर्ष २०८१/८२ मा समेत यस कार्यक्रमबाट अधीकतम ४,३६,५००/- (अक्षरेपी रू चार लाख छत्तिस हजार पाँच सय) सोधभर्ना गरिने तय भएकोले, संलग्न स्विकृत 'सोध भर्ना बापत पठाईने रकम सम्बन्धी शर्त' (यसै साथ संलग्न) को अधिनमा रहि २०८१ माघ मसान्तसम्मको पारिश्रमिक तथा चाडपर्व बापत रकम सोधभर्नाको लागि उल्लेखित विवरण यही २०८१ फाल्गुन मसान्त भित्र, यस कार्यक्रमको प्रदेश कार्यक्रम सहयोग ईकाई (PPSU) मा पठाउनु हुन आदेशानुसार अनुरोध गर्दछु।

२०८१/११/२३

(सुनिल प्रसाद केशरी)

प्रशासकीय अधिकृत

बोधार्थ:

- श्री सूचना प्रविधि विश्लेषक, कार्यक्रमको प्रदेश कार्यक्रम सहयोग ईकाई (PPSU), सबै प्रदेश- *सम्बन्धित प्रदेश अन्तर्गतका स्थानीय तहका सूचना प्रविधि अधिकृतहरूको विवरण रुजु गरि संलग्न ढाँचामा अन्तिम विवरण पठाउनुहुन ।*
- श्री सूचना तथा प्रविधि शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- *मन्त्रालयको Website मा Upload गरिदिनुहुन ।*

नोट:

- *सूचना प्रविधी अधिकृतहरूले निजको करार नियुक्ती/नविकरण पत्र वा सम्झौता पत्र, बैंक विवरण, प्रमाणित हाजिर लगायत विवरण https://sthaniya.gov.np/ito_info/ मा प्राप्त प्रणाली मार्फत प्रविष्टी गर्नुपर्नेछ।*

फोन : ५३५७३८९, ५३५७५९६, वेवसाइट: www.plgsp.gov.np, इमेल: pcu@plgsp.gov.np

**प्रदेश तथा स्थानीय सरकार सबलीकरण कार्यक्रम (PLGSP) को लागत साझेदारीमा स्थानीय तहले सेवा करारमा लिई कार्य गर्ने सूचना प्रविधि अधिकृतको पारिश्रमिक तथा सेवा सुविधाका लागि यस कार्यक्रमबाट सोध भर्ना बापत पठाईने रकम सम्बन्धी शर्तः**

- सूचना प्रविधि अधिकृतको नियुक्ति प्रचलित कानून बमोजिम प्रतिस्पर्धाको आधारमा सम्बन्धित स्थानीय तहले गर्नेछ । हाल कार्यरत सूचना प्रविधी अधिकृतहरूको हकमा निजहरूको कार्य सम्पादनको मुल्याङ्कन गरी सोको आधारमा मात्र करार सेवा नवीकरण गर्न सक्नेछ ।

- सूचना प्रविधि अधिकृतको योग्यता, पारिश्रमिक तथा सेवा सुविधा लोक सेवा आयोगले कम्प्यूटर ईञ्जिनियर वा कम्प्यूटर अधिकृत रा.प.तृतिय श्रेणी  वा प्रदेश तथा स्थानीय तहको निमानुसार अधिकृत सरह पदका लागि तोकिए बमोजिम हुनेछ ।

- स्थानीय तहले यसरी नियुक्त वा नविकरण भएका सूचना प्रविधि अधिकृतसँग गर्नुपर्ने काम, मासिक पारिश्रमिक तथा अन्य सुविधा लगायत विवरण तोकी कानून बमोजिम सेवा करार संझौता गर्नुपर्नेछ र सो को प्रति यस कार्यक्रममा यथाशीघ्र पठाउनु पर्नेछ ।

- करार संझौतामा तोकिएको पारिश्रमिक तथा अन्य सुविधा मध्ये यस कार्यक्रमबाट लागत साझेदारी अनुरुप यस आ.व.का लागी बढीमा वार्षिक जम्मा रु. ४,३६,५००/- (अक्षरेपी रू. चार लाख छत्तिस हजार पाँच सय) मात्र सम्बन्धित स्थानीय तहलाई सोधभर्ना पठाईने छ ।

    - यस कार्यक्रमबाट सोधभर्ना पठाईएको उपरोक्त रकममा बाँकी नपुग रकम सम्बन्धित स्थानीय तहले लागत साझेदारी अनुरुप थप गर्नुपर्नेछ ।

    - यस अतिरिक्त, सूचना प्रविधि अधिकृतलाई सम्बन्धित स्थानीय तहले अन्य कर्मचारी रा.प.तृतिय श्रेणी वा प्रदेश तथा स्थानीय तहको निमानुसार अधिकृत सरह सरह, चाडपर्व भत्ता र पोशाक भत्ता, स्थानीय

भत्ता, महंगी भत्ता र अन्य सेवा सुविधा प्रचलित कानून र नियमानुसार उपलब्ध गराउन सक्नेछ, तर यस सम्बन्धी कुनै पनि थप आर्थिक दायित्व यस कार्यक्रमबाट व्यहोरिने छैन ।

- सूचना प्रविधि अधिकृतको पारिश्रमिक वापतको रकम यस PLGSP कार्यक्रमबाट सोधभर्ना स्वरुप पठाईने भएकाले सोधभर्ना लिन सम्बन्धित स्थानीय तहले तपसिल बमोजिमको विवरण उपलब्ध गराउनु पर्नेछः

    - सूचना प्रविधि अधिकृतको व्यक्तिगत विवरण
    - अन्य कुराको अतिरिक्त आधारभूत पारिश्रमिक र सेवा सुविधा, निजले सम्पादन गर्ने प्रमुख कार्यहरु, र करार अवधि स्पष्ट उल्लेख गरिएको संझौता पत्र
    - सूचना प्रविधि अधिकृतले गर्ने प्रमुख कार्यको विवरणअनुसार कार्य सम्पादन सन्तोषजनक रहेको प्रमाणित प्रतिवेदन
    - सूचना प्रविधि अधिकृतको प्रमाणित हाजिरी
    - सो अवधिसम्म स्थानीय तहबाट सूचना प्रविधि अधिकृतलाई भुक्तानी भएको पारिश्रमिक सम्बन्धी विवरण
    - सम्बन्धित स्थानीय तहको विविध खर्च खाताको विवरण सहित सोधभर्ना माग गरेको पत्र

- स्थानीय तहले उपलब्ध गराएको विवरणका आधारमा यस कार्यक्रमबाट पहिलो किस्ता स्वरूप २०८१ पौष अन्तिममा र अन्तिम किस्ता स्वरूप २०८२ असार महिनामा सोधभर्ना वापतको रकम सम्बन्धित स्थानीय तहको विविध खर्च खातामा पठाईने छ ।

    - स्थानीय तहले उपलब्ध गराउनु पर्ने विवरण सहि रहेको सम्बन्धित स्थानीय तहले यकिन पठाउनु पर्नेछ र विवरण गलत भएमा सो को जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।
    - यस विषयमा स्थानीय तहले उपलब्ध गराउनु पर्ने विवरण यस कार्यक्रमले उपलब्ध गराउने अनलाईन प्रणालीमा गई विवरण यकिन गरी upload गर्नु पर्ने छ ।